# १ प्रमाण पत्रको किसिम

| | प्रमाण पत्रको किसिम र दस्तुर शुल्क | विशेष उल्लेख विषय | आवेदनका लागि आवश्यक कुराहरू | जारी गर्ने निकाय |
|---|---|---|---|---|
| कर भुक्तान प्रमाण | कर भुक्तान प्रमाण पत्र (२०० येन द्रष्टव्य : १) (नगर तथा अञ्चल बासिन्दा कर, निगम नगर बासिन्दा कर, हल्का मोटर गाडी कर, अचल सम्पत्ति कर तथा नगर निर्माण कर, विशिष्ट जमिन स्वामित्व कर) | कर सूचि, बुझाउनु पर्ने कर रकम, बुझाइ सकिएको कर रकम, कर भुक्तान अवधि सुरु नभएको कर रकम आदि। | व्यक्ति स्वयम्को परिचय खुल्ने कागजात (प्रतिनिधि आउने खण्डमा "प्राधिकार पत्र") | •कर सम्बन्धी समग्र जानकारी कक्ष(काउन्टर)(यस कार्यालय भवनको दोस्रो तला)<br>•नगर बासिन्दा शाखा (यस कार्यालय भवनको पहिलो तला)<br>•नगर बासिन्दा कर शाखा कुइ उपकक्ष<br>•हरेक समग्र शाखा<br>•आस्टो प्लाजा अफिस<br>•(कुइ समग्र शाखा) कार्यालय समय भन्दा बाहिर प्रमाण पत्र जारी आदि गर्ने काउन्टर<br>•हरेक क्षेत्रीय कार्यालय |
| | कर भुक्तान सम्पन्न प्रमाण पत्र (२०० येन) | कर भुक्तान बाँकी नरहेको प्रमाण (द्रष्टव्य : ३) | | |
| | हल्का मोटर गाडीको गाडी निरीक्षणको लागि कर भुक्तान प्रमाण पत्र (निःशुल्क) | गाडी नम्बर, कर बुझाएको मिति, प्रमाण पत्र मान्य हुने अवधि आदि | व्यक्ति स्वयम्को परिचय खुल्ने कागजात (प्रतिनिधि आउने खण्डमा "प्राधिकार पत्र") अथवा "गाडी निरीक्षण पत्रको (फोटोकपी स्वीकृत)" | |
| बासिन्दा कर सम्बन्धी | आय प्रमाण पत्र (२०० येन) | आय रकम | व्यक्ति स्वयम्को परिचय खुल्ने कागजात (प्रतिनिधि आउने खण्डमा) प्राधिकार पत्र | |
| | कर लागेको प्रमाण पत्र (२०० येन) | नगर तथा अञ्चल बासिन्दा कर रकम | | |
| | आय कर लागेको प्रमाण पत्र (२०० येन) [बालबालिका भत्ताको लागि यहाँ हेर्नुहोस्] | आय रकम, आयमा हुने मिनाहा रकम, कर लाग्ने मापदण्ड रकम, नगर तथा अञ्चल कर रकम आदि | | |
| अचल सम्पत्ति कर सम्बन्धी | मूल्याङ्कित प्रमाण पत्र (२०० येन द्रष्टव्य : २) | घर जग्गाको अवस्थित स्थान, क्षेत्रफल, मूल्याङ्कित रकम आदि | | •कर सम्बन्धी समग्र जानकारी कक्ष(काउन्टर) (यस कार्यालय भवनको दोस्रो तला)<br>•नगर बासिन्दा शाखा (यस कार्यालय भवनको पहिलो तला)<br>•सम्पत्ति कर शाखा कुइ उपकक्ष<br>•हरेक समग्र शाखा कार्यालय<br>•हरेक क्षेत्रीय कार्यालय |
| | कर लाग्ने मापदण्ड रकमको प्रमाण पत्र (२०० येन द्रष्टव्य : २) | घर जग्गा अवस्थित स्थान, क्षेत्रफल, घर जग्गाको कर लाग्ने मापदण्ड रकम आदि | | |
| | राष्ट्रिय तथा स्थानीय सरकारी निकायमा बुझाउने कर तथा राजस्वको प्रमाण पत्र (२०० येन द्रष्टव्य : २) | घर जग्गा अवस्थित स्थान, क्षेत्रफल, अचल सम्पत्ति कर, नगर निर्माण कर बराबरको रकम आदि | | |
| | मूल्याङ्कित रकम तथा कर लाग्ने मापदण्ड रकम प्रमाण पत्र (२०० येन द्रष्टव्य : २) | घर जग्गा अवस्थित स्थान, क्षेत्रफल, मूल्याङ्कित रकम, कर लाग्ने मापदण्ड रकम आदि | | |
| | अचल सम्पत्ति का जे दाइच्योको प्रतिलिपि (सन्दर्शन) (२०० येन) [तथापि, सन्दर्शन अवधि भित्र भए कर भुक्तान गर्नुपर्ने व्यक्ति शुल्क नलाग्ने] | घर जग्गा अवस्थित स्थान, क्षेत्रफल, मूल्याङ्कित रकम, अचल सम्पत्ति कर, नगर निर्माण कर बराबरको रकम आदि | | •कर सम्बन्धी समग्र जानकारी कक्ष(काउन्टर) (यस कार्यालय भवनको दोस्रो तला)<br>•सम्पत्ति कर शाखा कुइ उपकक्ष |

| | | | | |
|---|---|---|---|---|
| | | | | •हरेक शाखा कार्यालय |
| | आवासीय भवन प्रमाण पत्र (१३०० येन) | आवासीय भवन हो भनी प्रमाणित गर्ने | दर्ता विवरणका प्रमाण पत्र (दर्ता पुस्तक) बासिन्दा दर्ता आदि | •कर सम्बन्धी समग्र जानकारी कक्ष(काउन्टर) (यस कार्यालय भवनको दोस्रो तला)<br>•सम्पत्ति कर शाखा कुइ उपकक्ष |
| | अन्य सम्पत्तिसँग सम्बन्धित प्रमाण पत्र (२०० येन) | कर लाग्ने प्रमाण पत्र (अचल सम्पत्ति करसँग सम्बन्धित) आदि | व्यक्ति स्वयम्को परिचय खुल्ने कागजात (प्रतिनिधि आउने खण्डमा) प्राधिकार पत्र | •कर सम्बन्धी समग्र जानकारी कक्ष(काउन्टर) (यस कार्यालय भवनको दोस्रो तला)<br>•सम्पत्ति कर शाखा कुइ उपकक्ष |

द्रष्टव्य : १ कर भुक्तान प्रमाण पत्र・・・एकआर्थिक वर्षको कुनै एक विषयको करमा २०० येन

द्रष्टव्य : २ मूल्याङ्कित प्रमाण पत्र, कर लाग्ने मापदण्डको प्रमाण पत्र, राष्ट्रिय तथा स्थानीय सरकारी निकायमा बुझाउने कर तथा राजस्वको प्रमाण पत्र, मूल्याङ्कित रकम तथा कर लाग्ने मापदण्ड रकमको प्रमाण पत्र・・・जग्गा तथा घर भवन समेत मिलाएर १ पत्र र १० वटा जग्गा वा घर भवनसम्ममा २०० येन

द्रष्टव्य : ३ बिगत २ वर्ष भित्र कर तिर्न बाँकी छैन भनी प्रमाणित गर्न आवश्यक व्यक्ति, कृपया यस कार्यालयको कर सङ्कलन शाखा (फोन नम्बर ०५९-२९९-३१३५) मा सम्पर्क राख्नुहोस्।

## २ सम्बन्धित कक्ष(काउन्टर) खुला रहने समय

| | |
|---|---|
| कर सम्बन्धी समग्र जानकारी कक्ष(काउन्टर)(यस कार्यालय भवनको दोस्रो तला) | सोमबार देखि शुक्रबार<br>८:३० देखि १७:१५ सम्म<br>(सार्वजनिक बिदाको दिन र डिसेम्बर २९ तारिख देखि जनवरी ३ तारिख बाहेक) |
| नगर बासिन्दा शाखा (यस कार्यालय भवनको पहिलो तला) | |
| नगर बासिन्दा कर शाखा कुइ उपकक्ष (पोर्ता हिसाइ तेस्रो तला) | |
| सम्पत्ति कर शाखा कुइ उपकक्ष (पोर्ता हिसाइ तेस्रो तला) | |
| हरेक साधारण शाखा नगर बासिन्दा समाज कल्याण शाखा<br>(कुइ साधारण शाखा नगर बासिन्दा शाखा) | |

| | |
|---|---|
| आस्टो प्लाजा अफिस (आस्टो चु चौथो तला) | सोमबार देखि शुक्रबार<br>८:३० देखि २०:०० सम्म<br>शनिबार, आइतबार,सार्वजनिक बिदाको दिन<br>८:३० देखि १७:०० सम्म<br>(डिसेम्बर २९ तारिख देखि जनवरी २ तारिख बाहेक) |

| | |
|---|---|
| (कुइ साधारण शाखा नगर बासिन्दा शाखा)<br>कार्यालय समय भन्दा बाहिर प्रमाण पत्र जारी गरिने काउन्टर (पोर्ता हिसाइ भुईतला) | सोमबार देखी शुक्रवार<br>८:३० मिनेट देखी २०: सम्म<br>शनिबार, आइतबार ,सार्वजनिक बिदाको दिन<br>८:३० मिनेट देखि १७: सम्म<br>(डिसेम्बर २९ तारिख देखि जनवरी २ तारिख बाहेक) |

## ३ सम्बन्धित कक्ष(काउन्टर)मा आएर आवेदन दिनेबेला आवश्यक पर्ने कुराहरू

क. आवेदन पत्र (सम्बन्धित कक्षबाट लिन, वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ)

ख. सम्बन्धित कक्षमा लिएर आउने व्यक्तिको पहिचान दिने प्रमाणपत्र वा कागजात (४ आवेदकको परिचय खुलाउने बारेमा हेर्नुहोस्)

ग. दस्तुर शुल्क

घ. प्राधिकार पत्र (प्रतिनिधि आउने खण्डमा)

निम्न मध्य कुनै एकमा पर्ने खण्डमा प्राधिकार पत्र आवश्यक हुन्छ ।

- हाल, चु नगर भित्र बसोबास गर्ने व्यक्तिको लागि उक्त व्यक्ति स्वयम् तथा उक्त व्यक्तिको एउटै भान्छा भएका परिवार बाहेकको कुनै व्यक्तिले आवेदन गर्ने खण्डमा
- हाल, चु नगर बाहिर बसोबास गर्ने व्यक्तिको लागि उक्त व्यक्ति स्वयम् बाहेकको कुनै व्यक्तिले आवेदन गर्ने खण्डमा (प्रमाण पत्र हरेक व्यक्तिलाई एउटा गरी जारी गरिन्छ।)

## ४ व्यक्ति स्वयमको परिचय निश्चय सम्बन्धिका बारेमा

चु नगरले नागरिकको व्यक्तिगत जानकारी गोपनीयता कायम गर्नका लागि, आवेदन लिने बेला आवेदकको परिचयको निश्चय गर्छ । तलको तालिकामा देखाइए अनुसार, परिचय पत्र देखाइदिनुहुन अनुरोध गर्दछौं।

| | |
|---|---|
| (क) यी मध्येबाट कुनै एउटा | [मन्त्रालय तथा सरकारी वा सार्वजनिक निकायद्वारा जारी गरिएको अनुहारको तस्विर सहितको परिचय प्रमाण पत्र (तलबाट कुनै एउटा)]<br>सवारी चालनको अनुमति पत्र, राहदानी, माइ नम्बर कार्ड (व्यक्तिगत नम्बर कार्ड), बसोबास (रेजिडेन्ट) कार्ड, शारीरिक अपाङ्ग पुस्तिका...आदि केन्द्रीय सरकार वा क्षेत्रीय सरकारी निकायद्वारा जारी गरिएको परिचयको प्रमाण पत्र (अनुहारको तस्विर सहित) |
| (ख) यी मध्येबाट कुनै दुई वटा | [मन्त्रालय तथा सरकारी वा सार्वजनिक निकायद्वारा जारी गरिएको अनुहारको तस्विर रहितको परिचय प्रमाण पत्र (तलबाट कुनै दुई वटा)]<br>स्वास्थ्य बीमा पत्र (यसमा निजी क्षेत्रको स्वास्थ्य बीमा सहकारी आदि पर्छ), पेन्सन प्रमाण पत्र, पेन्सन पुस्तिका, वृद्ध तथा अशक्त स्याहार बीमित प्रमाण पत्र...आदि जसमा आवेदकको पूरा नाम र तिनलाई निर्धारित गर्न सक्ने अरू विवरणहरू उल्लेख गरिएको हुनुपर्ने र त्यसका साथै यस्तै किसिमका कागज पत्र बराबरको मान्यता पाएको हुनुपर्ने |
| (ग) यी मध्येबाट कुनै एउटा र (ख) मध्येबाट कुनै एउटा गरी जम्मा दुई वटा | [परिचय प्रमाण पत्र (तलबाट कुनै एउटा) + (माथि ख बाट कुनै एउटा)]<br>निगम (केन्द्रीय सरकार तथा क्षेत्रीय सरकारी संगठनका संस्थाहरू बाहेक) द्वारा जारी हुने परिचय प्रमाण पत्र (अनुहारको तस्विर सहित), अथवा कुनै परिचय प्रमाण पत्र जसमा आवेदकको पूरा नाम र तिनलाई निर्धारित गर्न सक्ने अरू विवरणहरू उल्लेख गरिएको हुनुपर्ने र त्यसका साथै यस्तै किसिमका कागज पत्र बराबरको मान्यता पाएको हुनुपर्ने |